# कृषि क्षेत्रको जलवायु परिवर्तन बजेट कोडिङ् सम्वन्धि दिग्दर्शन-२०७५

## १. पृष्ठभूमि

नेपाल जलवायु परिवर्तनको दृष्टिले अत्यन्त जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनले जलश्रोत, कृषि उत्पादन, खाद्य सुरक्षा, जैविक विविधता, वन सम्पदा, भौतिक पूर्वाधारहरू, मानवीय स्वास्थ्य, पर्यटन तथा जनजीविका जस्ता महत्वपूर्ण क्षेत्रमा नकारात्मक प्रभावपार्ने हुँदा पछिल्लो समयमा जलवायु परिवर्तन एउटा गम्भीर चिन्ताको विषय बनेको छ ।

नेपालमा जलवायु परिवर्तनको प्रभाव केहिमात्रामा देखा परिसकेको छ। विगत २५ बर्षमा अनुभव गरिएको जलवायु परिवर्तनको असर सम्वन्धि सर्भेक्षण प्रतिवेदन (NCCIS-2016) अनुसार ८६ प्रतिशत घरधुरीले बढ्दो खडेरीको अनुभव गरेका छन् भने ९७.६९ प्रतिशत घरधुरीले रोग किराको प्रकोप तथा खण्डबृष्टि बढेको अनुभव गरेका छन्। ७०.२५ प्रतिशत घरधुरीले अन्नबालीमा नयाँ रोग देखापरेको र ४५.९८ प्रतिशतले घरपालुवा जनावरमा नयाँ रोग देखा परेको अनुभव गरेका छन्। यसैगरी ७४.२९ प्रतिशत घरपरिवारको पानीका मुहानहरुमा परिवर्तन भएको, ८४.४७ प्रतिशतको मुहानमा पानी घटेको, र पहाडी क्षेत्रमा ७४.५६ प्रतिशत घरधुरीको पानीको मुहान पूर्ण रुपमा सुकेको तथ्य समेत सार्वजनिक भएको छ ।

अन्य प्रभावका सन्दर्भमा ९२ प्रतिशत घरधुरीको कृषि योग्य जमीनमा मिचाहा प्रजातीको झारको प्रकोप बढेको छ भने ७८.१२ प्रतिशत घरधुरीले पहिरोको प्रकोप बढेको अनुभव गरेका छन्[1]। उल्लेखित तथ्यहरुबाट के देखिन आँउछ भने जलवायु परिवर्तनको दृष्टिकोणले अन्य क्षेत्रको तुलनामा कृषि क्षेत्र अत्यन्तै संवेदनशील र तत्कालै असर देखिने क्षेत्र हो।कृषि क्षेत्रमा पर्ने जलवायुको असर कम गर्न क्षेत्रगत रुपमा विभिन्न कृयाकलापहरु संचालन हुदै पनि आएका छन् ।आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को बजेटमा जलवायु परिवर्तन सान्दर्भिक कृयाकलापमा क्रमशः १९.२२, ३०.७६ र २६.६६ प्रतिशत रकम विनियोजन भएको छ। जलवायु परिवर्तन सम्बन्धि कृयाकलापमा अन्य क्षेत्रको तुलनामा सरकारले कृषि क्षेत्रमा सापेक्ष रुपमा वढि प्रतिशत रकम विनियोजन गर्दै आएको छ । आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा कृषि मन्त्रालय अन्तर्गत जलवायु परिवर्तन सान्दर्भिक

[1]आर्थिक सर्भेक्षण २०७५,अर्थ मन्त्रालय

सचिव

कृयाकलापमा भने यस्तो प्रतिशत क्रमश ५९.८१, ६०.४७ र ४९.६२ रहेको देखिएको छ ।[2]यी आर्थिर्क बर्षहरूमा सरकारले जलवायु परिवर्तनको सान्दर्भिकता अनुसार गरेको लगानी तालिका १ अनुसार हुन आँउछ ।

**तालिका १: जलवायु परिवर्तनको सान्दर्भिकता अनुसार जलवायु परिवर्तन कृयाकलापमा सरकारी लगानीको अंश**

| आर्थिक वर्ष | कूल वजेटमा जलवायु परिवर्तन संवन्धि कृयाकलापमा बजेटको अंश | | | कृषि मन्त्रालय अन्तगर्तको बजेटमा मात्र जलवायु परिवर्तन संवन्धि कृयाकलापमा बजेटको अंश | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | अत्यन्त सान्दर्भिक | सान्दर्भिक | जम्मा | अत्यन्त सान्दर्भिक | सान्दर्भिक | जम्मा | |
| २०७३/७४ | ५.९० | १३.३२ | १९.२२ | १.११ | ५९.३५ | ५९.८१ | |
| २०७४/७५ | ४.५२ | २६.२४ | ३०.७६ | १.०३ | ५९.४४ | ६०.४७ | |
| २०७५/७६ | ५.२६ | २१.४० | २६.६६ | ४.१२ | ४५.५७ | ४९.६९ | |

माथिको तालिकाबाट जलवायु परिवर्तन कृयाकलापमा अन्य क्षेत्रको तुलनामा कृषि क्षेत्रमा बढि प्रतिशत रकम लगानी भएको देखिन्छ।यसर्थ कृषि क्षेत्रको जलवायु परिवर्तनको सान्दर्भिकता सम्बन्धि कृयाकलापमा भएको लगानीलाई व्यवस्थित गर्न समग्र रूपमा अपनाइएको जलवायु परिवर्तन बजेट कोडलाई मध्य नजर गरी कृषि क्षेत्रका लागि क्षेत्रगत रूपमा प्रत्येक कार्यक्रमको कृयाकलाप तह देखिनै जलवायु परिवर्तन बजेट कोडको विकास गरी लागु गर्नुपर्ने हुन्छ ।जलवायु परिवर्तनसग सम्बन्धित शव्दावली अनुसुची १ मा दिईएको छ ।

[2] बजेट पुस्तिका, अर्थ मन्त्रालय

## २. जलवायु परिवर्तन सम्बन्धी कानूनी र नीतिगत व्यवस्था

जलवायु परिवर्तनको असर कम गर्न नेपालको संविधानलेनै विपद जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तनका सम्वन्धमा गरिनुपर्ने नीतिगत र कानूनी व्यवस्थाका सम्वन्धमा यथेष्ट मार्गदर्शन गरेको छ। यसै अनुरुप नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र विभिन्न तहका सरकारका अधिकार सम्वन्धि सूचिमा विपद व्यवस्थापन र जलवायु परिवर्तनका कुराहरु आवश्यकता अनुसार उल्लेख पनि भएका छन्। यसैगरी दैवी प्रकोप (उद्धार) ऐन २०३९, भू तथा जलाधार संरक्षण ऐन २०३९, वन ऐन २०४९, विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ मा कुनै न कुनै रुपमा दैवी प्रकोप, विपद व्यवस्थापन र जलवायु परिवर्तन सम्वन्धि विषयका कुराहरु उल्लेख भएका छन् ।

### २.१. जलवायु परिवर्तन नीति २०६७

जलवायु परिवर्तनका कारण सिर्जित समस्याको सामना गर्न अबलम्बन गरिएको जलवायु परिवर्तन नीति, २०६७ ले जलवायु परिवर्तनबाट परिसकेको प्रभाव संग अनुकुलित हुने कार्यलाई प्राथकिमतामा राखेको छ भने प्रतिकूल प्रभाव न्यूनीकरण (Mitigation) गर्न क्रमशः न्यून कार्वन उन्मुख सामाजिक आर्थिक विकास पथलाई अवलम्बन गर्ने नीति लिएको छ। यसकालागि जलवायु परिवर्तन सम्बन्धि राष्ट्रिय र अन्तर्राष्ट्रिय संयन्त्रमा भएको प्रतिवद्धता अनुरुप सहयोग तथा सहकार्यको प्रर्वद्धन गर्ने लक्ष्य लिएको छ। जलवायु परिवर्तनका कार्यक्रमहरु कार्यान्वयनका लागि महत्वपूर्ण हुने आर्थिक पक्षका सम्बन्धमा जलवायु परिवर्तन नीति, २०६७ ले जलवायु परिवर्तनसंग सम्बन्धित बजेटको कम्तीमा ८० प्रतिशत रकम सिधै स्थलगत कार्यक्रमको कार्यान्वयनका लागि कार्यान्वयन तहमै पठाउने नीति समेत लिएको छ ।[3]

### २.२ दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिवद्धता

नेपालले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुक बन्ने लक्ष्य लिएको छ। दिगो विकास लक्ष्यमा उल्लेखित १७ लक्ष मध्ये १३ औं लक्ष्यले जलवायु परिवर्तनको विषय समेटेको छ । जलवायु परिवर्तनको आयामलाई समग्रमा ध्यान पुर्याउन सकिएन

[3] राज्यको नया संरचना अनुसार जलवायु परिवर्तन निति २०६७ परिवर्तन हुने देखिदा स्थानीय तहबाट हुने लगानीका कुरा उल्लेख हुनु वानछनीय हुन्छ ।

भने दिगो विकासका अन्य धेरै लक्ष्यहरु दिगो रूपमा हासिल गर्न सकिदैन। उदाहरणको लागि जलवायु परिवर्तनको कारणबाट मौसमी प्रणालीमा हुने परिवर्तन लगायत रोग किरामा हुन सक्ने बृद्धिले कृषि उत्पादकत्वमा प्रभाव पार्नुका साथै खाद्य सुरक्षामा पनि नकारात्मक प्रभाव पार्दछ। यसैले दिगो विकास लक्ष्य १,२,३,५ र १२ कृषि सँग प्रत्यक्ष/अप्रत्यक्ष जोडिएका यस्ता लक्ष्यहरु हुन् जुन जलवायु परिवर्तनसाग कुनै न कुनै रुपमा सम्म्बन्धित रहेका छन्। दिगो विकास लक्ष्य प्राप्ति र प्राप्त उपलब्धिलाई दीर्घकाल पर्यन्त दिगो राख्न जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्ने वा अनुकुलित हुने कार्य स्थानीय तह देखिनै बार्षिक विकास प्रक्रियाको एक अभिन्न अङ्गको रूपमा समावेश गर्दै लैजानु जरुरी छ। यसका लागि, बार्षिक कार्यक्रमहरु तर्जुमा गर्दा विद्यमान प्रणालीलाई परिमार्जन गरी क्षेत्रगत रुपमा समेत विकास कार्यहरुमा जलवायु परिवर्तनको असरको विषय समेत समावेश गर्दै विकास कार्यलाई जलवायु परिवर्तन अनुकुलित बनाउँदै लानुपर्ने हुन्छ ।

## २.३. पेरिस सम्झौता र राष्ट्रियस्तरमा निर्धारित योगदान

सन् २०१५ मा भएको पेरिस सम्झौता जलवायु परिवर्तनका क्षेत्रमा एक कोशे ढुङ्गा मानिन्छ । पेरिस सम्झौता जलवायु परिवर्तनको कारक मानिएको ग्लोबल वार्मिङ्गलाई निश्चित तह भन्दा बढ्न नदिन सबै राष्ट्र सहमत भई गरिएको सम्झौता हो । यस सम्झौता अनुसार विश्वको तापक्रम वढ्ने दर यो शताब्दीको अन्त सम्ममा २ डिग्री सेल्सियस भन्दा कम र अझ सम्भव भएमा १.५० डिग्री सेल्सियस भन्दा कम कायम गर्ने सहमति भएको छ ।[4] विश्वव्यापीरुपमा निर्धारीत उक्त लक्ष्य हासिलगर्न नेपाल लगायत महासन्धिका पक्ष मुलुकहरूले सन् २०२० पछि राष्ट्रियस्तरमा आ–आफ्ले गर्न सक्ने योगदान (Nationally Determined Contribution) को खाका समेत प्रस्तुत गरेका छन् ।नेपालले पनि आफ्नो NDC प्रस्तुत गरीसकेको छ।उक्त खाकामा व्यक्त प्रतिबद्धता पुरा गर्न कार्यान्वयन गर्नुपर्ने आवश्यक कार्यक्रमहरु संघ, प्रदेश वा स्थानीय सरकारहरुको बार्षिक विकास कार्यक्रमहरुमा क्रमशः समावेश गर्दै लानुपर्ने हुन्छ। उदाहरणका लागि, संघिय सरकारले तयार गर्ने राष्ट्रिय अनुकूलन योजना एवं आर्थिक विकासका लागि कम कार्वन अर्थतन्त्रको रणनीति जस्ता प्रतिबद्धता संगै प्रदेश वा स्थानीय सरकारहरुले आफ्नो कार्यक्रमलाई समावेश गर्दै जानु पर्ने हुन्छ। त्यस्तै प्रदेश र स्थानीय सरकारले गर्ने कार्यक्रममा वातावरण मैत्री स्थानीय शासन सुदृढ गर्ने, साना तथा सूक्ष्म जल विद्युत, ऊर्जा, सौर्य घर प्रणाली, संस्थागत सौर्य शक्ति प्रणाली, विकसित पानी मिल,

[4] IPCC Report 2018 ले Global warming लाइ १.५० डिग्री राख्ने कुरा उल्लेख गरेको छ ।

सचिव

विकसित खाना बनाउने चुलो, घरपरिवार, संस्थागत र सामुदायिक गोबर ग्यासको विकास र वनजङ्गल (Biomass) माथिको निर्भरता कमगर्ने जस्ता प्रतिबद्धता समावेश हुँदै जानु पर्ने हुन्छ ।

## २.४. कृषि विकास रणनीति २०७२

कृषि विकास रणनीति २०७२ ले कृषि क्षेत्रको समग्र विकासका निम्ति जलवायु परिवर्तनको कारणले कृषि क्षेत्रमा पर्ने प्रभाव र असरहरु न्यूनिकरण गर्न विभिन्न उपायहरु अवलम्वन गर्नुपर्ने कुराहरु औंल्याएको छ। जलवायु परिवर्तनले हुने मौसमी फेरवदल लगायतका कारणले परम्परागत कृषि प्रणाली असफलता तर्फ उन्मुख भैरहेकाले आगामी समयका लागि जलवायु मैत्री हुनेगरी व्यवसायिक कृषि प्रणाली तर्फ उन्मुख हुने गरी कार्यक्रम तर्जुमा गर्न जोड दिएको छ। यसकालागि कृषि विकास रणनीति २०७२ जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनिकरण गर्न वातावरण मैत्री कृषि प्रविधिको विकास र विस्तारमा परिलक्षित भएको देखिन्छ।

## २.५ राष्ट्रिय भू-उपयोग नीति

राष्ट्रको दीगो सामाजिक, आर्थिक तथा वातावणीय विकासका लागि भूमिको अधिक्तम उपयोग गरी उच्चतम प्रतिफल प्राप्त गर्न भुमीको वर्गिकरण गरी सोही अनुसार उपयोग, नियमन र व्यवस्थापन गर्ने गरी भू उपयोग नीति २०६९ का निम्न अनुसारका उद्देश्यहरू रहेका छन्ः

- वर्गीकरणको अधारमा भूमीको संरक्षण, व्यवस्थापन र उपयोगलाइ प्रत्साहन गर्ने,
- विकास र वातावरण बिच सन्तुलन कायम गर्ने,
- भू उपयोग नीतिलाइ सम्वोधन गर्ने गरी भू उपयोग योजना तयार गर्ने ।

उक्त अनुसार उद्देश्य पूर्तिका लागि अवलम्वन गर्नुपर्ने नीतिहरूमा जलवायु परिवर्तनको असरहरूलाई समेत ध्यानमा राखी दीगो विकासका सिद्धान्तका अधारमा विकास निर्माणका कार्यहरू संचालन गरिने कुरा मूख्य नीतिको रूपमा रहेको छ ।

## २.६. जलवायु वित्त र जलवायु बजेट कोड (Climate Finance and Climate Budget Code)

जलवायु परिवर्तनसंग सम्बन्धित कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनका लागि उपलब्ध गराइने सबै प्रकारका वित्तीय स्रोत जलवायु वित्त (Climate Finance) अन्तर्गत पर्दछन् । त्यस्ता कार्यक्रमहरु जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण (Mitigation) गर्न वा अनुकूल (Adaption) बनाउन वा न्यूनीकरण र अनुकूल दुवैमा सहयोग पुराउने खालका पनि हुन सक्छन्। जलवायु

परिवर्तनसंग सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू कुन कुन हुन भनी छुट्याउन जलवायु बजेट कोडको आवश्यक पर्ने भएकाले नेपाल सरकारले राष्ट्रिय स्तरमा आ.व. २०७०/७१ देखिनै बार्षिक बजेटमा जलवायु बजेट कोड (बजेट सङ्केत) प्रयोगमा ल्याइ सोही अनुसार बजेट विनियोजन गर्दै आएको छ ।

जलवायु बजेट कोडले विकास कार्यक्रमहरुको जलवायु परिवर्तनसंगको सान्दर्भिकतालाई वर्गिकृत (अति सान्दर्भिक, सान्दर्भिक वा तटष्थ) गर्ने भएकाले जलवायु परिवर्तनसँग सान्दर्भिक के कस्ता कार्यक्रमहरुमा सरकारले के कति लगानी गरेको छ भन्ने कुरा सर्वसाधारण समेतलाई जानकारी पुर्याउन सहयोग पुग्न गएको छ। यसका साथै जलवायु परिवर्तन क्षेत्रमा छुट्याएको बजेटबाट कुन कुन क्षेत्रमा के कति खर्च भयो र सोबाट के-कस्ता उपलब्धिहरु हासिल भए भन्ने कुराको समेत महालेखा नियन्त्रक कार्यालयबाट वार्षिक रुपमा प्रकासित हुने सरकारको एकिकृत वित्तय विवरण र अर्थ मन्त्रालयबाट प्रकाशित हुने आर्थिक सर्वेक्षण जस्ता महत्वपूर्ण दस्तावेजहरुमा समेत समेटिन थालेको छ ।
यि माथि उल्लेखित सबै प्रयासहरु नेपाल जस्ता मुलुकहरूमा जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्ने कार्यमा विकसित मुलुकहरूले सघाउने प्रतिवद्धता गरेको वित्तीय साधन एवं श्रोत उपलब्ध गर्न आवश्यक पर्ने पूर्व शर्त समेत रहेका छन् ।

**२.७. राष्ट्रिय अनुकुलन कार्यक्रम (नापा) २०६७ र स्थानीय अनुकुलन कार्ययोजना (लापा), २०६८**

राष्ट्रिय अनुकूलन कार्ययोजना (National Adaption Program of Action-NAPA)२०६७ ले जलवायु परिवर्तनबाट प्रभावित र तत्काल सम्बोधन गर्नु पर्ने कार्यका लागि प्राथमिकताका नौ क्षेत्र पहिचान गरेको छ। नापाले पहिचान गरेको प्राथमिक क्षेत्रमा मुलतः कृषि, वन, जलस्रोतको एकीकृत व्यवस्थापनबाट समुदायमा आधारित अनुकूलन कार्यको प्रवर्धन, जोखिममा रहेका समुदायको अनुकूलन क्षमतामा अभिवृद्धि, समुदायमा आधारित प्रकोप व्यवस्थापन, पर्यावरण व्यवस्थापन, प्रकोप न्यूनीकरणका लागि हिमतालको अनुगमन, जलस्रोत व्यवस्थापन, स्वच्छ ऊर्जा र जलवायु अनुकूलित सहरी बसोबास पर्छन् ।

राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७ र जलवायु परिवर्तन नीति २०६७ लाई स्थानीय स्तरमा कार्यान्वयन गर्न २०६८ सालमा स्थानीय अनुकुलन कार्ययोजना तर्जुमा भै कार्यान्वयनमा रहेको

सचिव

छ। यो कार्ययोजनामा जलवायु संकटासन्न स्थानीय तह तथा समुदाय र तीनका अनुकुलन चुनौती तथा अवसर लगायतका कार्यको पहिचान र प्राथमिकिकरण गरी ती कुराहरुलाई स्थानीय तथा राष्ट्रिय स्तरका योजनाहरुबाट सम्बोधन गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।[5]

## २.८. राष्ट्रिय अनुकुलन योजना (न्याप) र न्याप कृषिको तयारी प्रक्रिया

नापाको अनुभवको आधारमा मध्यम तथा दिर्घकालमा जलवायु परिवर्तन सम्बोधन गर्न नेपाल सरकारले राष्ट्रिय अनुकुलन योजना (National Adaption Plan-NAP) तयार गर्ने प्रक्रिया शुरु गरिसकेको छ। न्यायले मुख्य तया विकास निर्माणमा अनुकुलनका विषयलाई एकिकृत गर्नुपर्ने आवश्यकतालाई जोड दिदैं यसकालागि जोखिमको लेखाजोखा, संकटासन्न क्षेत्र, पर्यावरणका पक्ष र प्रभावित समुदायको पहिचान जस्ता आवश्यक कार्य गर्ने तौर तरिकाको विकास गर्ने क्षमता अभिबृद्धिलाई जोड दिएको छ। अनुकुलनका लागि योजना तर्जुमा कै क्रममा जलवायु परिवर्तनको प्रभाव र जोखिम लगायत संकटासन्न समुदाय, स्थान र पर्यावरणलाई एकिकृत गर्नु पर्ने विषय पनि यसमा समेटिएका छन् ।

जलवायु परिवर्तनबाट कृषि क्षेत्र सबै भन्दा बढी जोखिममा रहको र यहि क्षेत्रमा बहुसंख्यक समुदायको जनजिविका लगायत मुलुकको खाद्य सुरक्षा समेत निर्भर रहकोले कृषिमा अनुकुलनका विकल्पहरुको पहिचान गरी कृषिमा पर्ने जलवायु परिवर्तन प्रभावलाई सम्वोधन गर्ने विषयमा न्याप–कृषि परियोजना केन्द्रित छ । हाल यस परियोजना अन्तर्गत कृषि क्षेत्रमा जलवायु परिवर्तन जोखिम आंकलन विधि निर्माण र तत सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रमहरु केहि पाइलट जिल्लाहरुमा संचालित छन्। परियोजनाले जलवायु परिवर्तन जोखिम आंकलनलाई कृषि क्षेत्रको सबै तहको योजना तर्जुमा तथा बजेट निर्माणमा एकिकृत गर्ने विषयमा सम्वन्धित निकायको क्षमता बढाउन सहयोग गर्ने लक्ष्य समेत लिएको छ ।

## २.९. जलवायु परिवर्तन वित्तीय खाका (Climate Change Financing Framework-CCFF)

जलवायु परिवर्तन नीतिको प्रभावकारी कार्यान्वयन गर्न र जलवायु परिवर्तन सम्बन्धि विषयलाई स्थानीय तहको योजना र बजेट तर्जुमा प्रकृया देखिनै सम्बोधन हुने गरी एकिकृत गर्न नेपाल

[5] राज्यको नया संरचना अनुसार यस्ता कार्यक्रमहरू परिमाजर्न हुँदा दिग्दर्शनमा समेत सोही अनुसार परिमार्जन गर्नुपर्ने हुन्छ

सरकारले जलवायु परिवर्तन वित्तीय खाका (Climate change Financing Framework-CCFF) तयार गरी लागु गरिसकेको छ। यो वित्तीय खाकाले जलवायु परिवर्तन सम्बन्धि विषयलाई बजेट चक्रमा एकिकृत गर्न सार्वजनिक लेखा प्रणाली लगायतका विषयमा केहि सुधारका कार्यहरु गर्ने गरि मार्गचित्र (Roadmap) समेत निर्धारण गरिसकेको छ। निर्धारण गरिएको मार्गचित्र अनुसार राष्ट्रिय तहमा क्षेत्रगत रुपमा जलवायु परिवर्तन कोडलाई परिस्कृत गर्ने र प्रदेश तथा स्थानीय तहका लागि जलवायु परिवर्तन कोडको विकास गरी सोको कार्यन्वयनका लागि केन्द्र सरकारको लेखा प्रणाली सँग तादत्म्यता हुने गरी समग्र लेखा प्रणालीमा सुधार गर्नुपर्ने जस्ता कुराहरु रहेका छन् ।

## ३. उद्देश्य

यो दिग्दर्शनका निम्न अनुसारका उद्देश्यहरू रहेका छन्:

(क) कृषि विकास रणनीतिमा उल्लेख भएका कार्यक्रमहरू जलवायुको उद्देश्यसग समायोजन हुने सुनिश्चतता गर्नु,

(ख) कृयाकलाप तह देखिनै जलवायु परवर्तन कोडको प्रयोगगरी कृषि क्षेत्रको कार्यक्रम तथा बजेट तयार गर्नु,

(ग) कृषि क्षेत्रको अवश्यकता अनुसार जलवायु वित्तको ट्र्याकिङ गर्ने व्यवस्थामा सुधार गर्नु,

(घ) जलवायु परिवर्तनसग सम्वन्धीत कृषि क्षेत्रमा भएको बजेट व्यवस्था र खर्च सम्वन्धि कुराहरूको नीति निर्माण तहलाइ जानकारी गराउनु,

(ङ) प्रदेश र स्थानीय तहमा समेत कृषि क्षेत्रको जलवायु परिवर्न सम्बन्धि कार्यमा भएको विनियोजन तथा खर्च सम्वन्धी कुराहरू संघीय सरकारसँग एकरूपता हुने गरी ट्र्याकिङ गर्न सहजिकरण गर्नु ।

## ४. दिग्दर्शनको प्रयोग

संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र अन्तर्गतका योजना तथा कार्यालयहरूले अगामी आर्थिक वर्ष २०७६/७७ देखि नै कार्यक्रम निर्माण, बजेट तर्जुमा र खर्च तथा प्रतिफलको आकलनमा यस मार्गदर्शनले व्यवस्था गरे अनुसार जलवायु परिवर्तनको बजेट कोड (संकेत) को प्रयोग गरेको हुनु पर्दछ । प्रदेश तथा स्थानीय सरकारले समेत कृषि क्षेत्रको बजेट तथा कार्यक्रम तर्जुमा र खर्च तथा प्रतिफलको आकलन गर्दा यो व्यवस्थालाई अनुशरण गर्नुपर्नेछ ।

## ५. संघीय सरकारको मौजुदा जलवायु बजेट कोडिङ, क्राइटेरिया र कृषि क्षेत्रमा जलवायु परिवर्तनको प्रारूप (Typology)

### ५.१ संघीय सरकारको मौजुदा जलवायु बजेट कोडिङ क्राइटेरिया

हाल प्रयोगमा रहेको कोडिङ्ग गर्ने तरिका संघीय सरकारको जलवायु परिवर्तन बजेट कोड सन्दर्भ पुस्तिका २०६९ मा उल्लेख भए बमोजिम प्रत्येक कार्यक्रमलाई कार्यक्रम तहमा (Program level) जलवायु परिवर्तनका दृष्टिले अत्यन्त सान्दर्भिक, वा सान्दर्भिक वा तटष्थ के हो छुट्टयाउन ११ वटा क्राइटेरियाका आधारमा जलवायु परिवर्तनसंगको सान्दर्भिकताको स्तर एकिन गरी बजेट तथा कार्यक्रमा उल्लेख गर्ने गरिएको छ । उक्त ११ क्राइटेरिया अनुसुची २ मा दिईएको छ ।

### ५.२ कृषि क्षेत्रमा जलवायु परिवर्तनको प्रारूप (Typology) र कृयाकलाप गत रूपमा बजेट कोड प्रयोग गर्ने तरिका

जलवायु परिवर्तन वित्तीय खाका (CCFF) ले जलवायु परिवर्तन बजेट र खर्चमा हाल रहेका अस्पष्तालाई थप स्पष्ट र व्यवस्थित गर्न जलवायु परिवर्तन कोडलाई परिस्कृत गर्न क्षेत्रगत रूपमा जलवायु परिवर्तन बजेट कोड परिमार्जन गरी कार्यान्वयन गर्न मार्गदर्शन गरेको छ । यसका लागि जलवायु परिवर्तनका दृष्टिकोणबाट कृषि क्षेत्र अति नै संवेदनशील क्षेत्र रहेकाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका कार्यक्रमबाट शुरूवात गर्न सान्दर्भिक हुने हुँदा हाल प्रयोगमा रहेका उल्लेखित कोडिङ क्राइटेरियालाई क्षेत्रगत हिसावमा अझ विस्तृत गर्न जलवायु परिवर्तन वित्तीय खाका (CCFF) ले मार्गदर्शन गरे अनुसार कृषि क्षेत्रका कार्यक्रमहरूमा कृयाकलाप (Activity) तह देखि नै जलवायु परिवर्तन बजेट कोडको प्रयोग गरिएको छ। यसका लागि सबै भन्दा पहिले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमहरूलाई निम्न अनुसारका सात प्रारूप (Typology ) मा वर्गिकरण गरी प्रत्येक प्रारूप भित्र पर्ने मूख्य मूख्य कार्यहरूलाई जलवायु परिवर्तनको सान्दर्भिकता छुट्याउने प्रयोजनका लागि निम्न अनुसार देखाइएको छ ।

(क) भूमिको दिगो व्यवस्थापन

(ख) जलश्रोतको दिगो व्यवस्थापन

(ग) खाद्य सुरक्षा र कृषिको जैविक विविधता

(घ) पशुपंक्षी विकास

(ङ) न्युन कार्वन उत्सर्जन हुने हरित गृहग्यास न्यून गर्ने खालका कृषि कार्य

(च) मौसमको असमान्य अवस्थामा विपद्को पुर्व तयारी


(छ) नीति, ज्ञान, प्रचार प्रशार, संचार, अनुसन्धान र विकास

प्रारूप अनुसारको वर्गिकरणभित्र पर्ने प्रत्येक कृयाकलाप र कार्यक्रम जलवायु परिवर्तनका दृष्टिकोणले अनुकुलन या न्युनिकरणजन्य के हुने हो छुटयाइ अति सान्दर्भिक वा सान्दर्भिक वा तटस्थ के हो छुट्टिने गरी जलवायु परिवर्तन बजेट कोड प्रदान गर्नुपर्ने छ। यसकालागि प्रारूप भित्र पर्ने केही कार्यक्रम र ती कार्यक्रम अन्तर्गतका कार्यहरूलाई जलवायु परिवर्तनको सान्दर्भिकता कृयाकलाप तहदेखि नै छुटयाउने नमुना अनुसुचि ३. मा दिइएको छ। अनुसूचिमा उल्लेख भएका कार्यहरू एकपटक जलवायु परिवर्तनको कोडिङ क्राइटेरियाभित्र समाहित भै सकेपछि कार्यक्रम या कृयाकलाप थपिएको अवस्थामा वाहेक स्थापित कोडिङ क्राइटेरिया अनुसार नै हुनेछ । कार्यक्रम या कृयाकलाप थपिएको अवस्थामा भने माथि उल्लेख गरिएको प्रकृया अनुसार कार्यक्रम या कृयाकलापलाई अध्यावधिक गर्नु पर्दछ। अनुसूचिमा दिइएको नमुनालाई आधार मानी प्रत्येक कार्यक्रम भित्रका कृयाकलापहरू जलवायु परिवर्न सँग सान्दर्भिक भए के कति सान्दर्भिक छन् प्रत्येकलाई जलवायु परिवर्तनको सान्दर्भिकता सँग जोडी बजेट तर्जुमा गर्नुपर्दछ ।

जलवायु परिवर्तनको सान्दर्भिकताको स्तर निर्धारणाका लागि निम्न तीन आधार मध्धे दुइवटा वा सो भन्दा वढिको उत्तर "छ" भन्ने आएमा "अत्यन्त सान्दर्भिक" (Highly Relevant) र एउटाको उत्तर मात्र छ" भन्ने आएमा "सान्दर्भिक" (Relevant) कोड प्रयोग गर्नु पर्दछ ।

कार्यक्रम अन्तर्गतका प्रत्येक कृयाकलापलाई जलवायु परिवर्तनको सान्दर्भिकता छुटयाउन निम्न अनुसारको रेखा चित्रमा उल्लेख भए अनुसारको प्रकृया अवलम्वन गरी जलवायु बजेट कोड (संकेत) प्रदान गर्नु पर्दछ ।

रेखा चित्र १: जलवायु परिवर्तनको सान्दर्भिकता उल्लेख गर्ने तरिका




## ५.३. कार्यक्रमगत रूपमा जलवायु परिवर्तनको सान्दर्भिकता पहिचान र वर्गीकरण

कृषि विकास रणनितीले परिकल्पना गरे अनुसार कृषि उत्पादन र उत्पादकत्वको वृद्धि, कृषि क्षेत्रको विविधिकरण, व्यवसायीकरण र कृषिजन्य वस्तुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्ने गरी कृषि क्षेत्रका धेरै जसो कार्यक्रमहरू केन्द्रित रहेका छन् । यी कार्यक्रमहरू संचालन गर्दा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनिकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार समेत गर्ने गरी क्षेत्रगत रूपमा कृयाकलापहरू समेत संचालन भएका छन् । यसका साथै वातावरण तथा जलवायु अनुकुलन मैत्री पशुपंक्षी व्यवसायको प्रवर्द्धन समेत गर्ने गरी वार्षिक रूपमा कार्यक्रम समेत संचालनमा छन् ।

सचिव

**कोडिङ्ग गर्ने परिमार्जित विधिको चरण बद्ध व्याख्या**

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गतका कार्यक्रममा रहेको विभिन्न क्रियाकलापलाई परिमार्जित विधि अनुसार निम्न बमोजिम कोडिङ्ग गर्नु पर्दछ ।

**पहिलो चरण**

पहिलो चरणमा कृषिका जलवायु परिवर्तन सँग सम्बन्धित प्रारुप (Typology) तयार गर्ने। यस प्रारुपले यस अघि प्रयोग गर्दै आएको ११ क्राइटेरियालाइ नै आधार मानी तिनलाई अझ विस्तृत र सबै कार्यक्रम समेट्ने किसिमले विकास गर्नु पर्ने भएकोले हाललाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि ७ प्रकारको Typology तयार गरिएको छ र ती प्रारुप अन्तर्गत के कस्ता विषय समावेश हुन सक्छन तिनको फेहरिस्त पनि तयार गरी हरेक प्रारुपको ब्याख्या स्वरुप राखिएको छ । यि ७ प्रारुप र ति अन्तर्गतका विषयले कृषिका सबै कार्यक्रम समट्ने प्रयास भएको छ । यसरी एक पटक प्रारुप तयार गरिसकेपछि यसैको आधारमा कोडिङ्गका अन्य कार्य गरिनेछन् । प्रारुप र अन्तर्गतका विषयको उदाहरण अनुसुची ३ मा दिइएको छ ।

**दोस्रो चरण**

यस चरणमा हरेक प्रारुप अन्तर्गत राखिएका विषयहरुको जलवायु उद्देश्य पहिचान गरिन्छ। अर्थात, ति विषयहरु मध्ये कुनै जलवायु अनुकुलनमा सहायक हुन्छन् भने कुनै जलवायु न्यूनीकरणमा। कुनै कुनै विषय अनुकुलन र न्यूनीकरण दुवैमा पनि सहयोगी हुन सक्छन। त्यसैले दोस्रो चरणमा हरेक प्रारुपले समेटेका विषयको जलवायु उद्देश्य पहिचान गरिन्छ। उक्त उद्देश्यलाई अनुकुलन भए "अ" र न्यूनीकरण भए "न्यू" उल्लेख गर्ने। यदि दुवै छ भने "दु" उल्लेख गर्ने। यसको उदाहरण अनुसुची ४ मा दिइएको छ ।

**तेस्रो चरण**

कोडिङ्गको तेस्रो चरणमा प्रत्येक प्रारुप अन्तर्गत पर्न सक्ने कार्यक्रमहरुको पहिचान गर्ने र अनुसुची ४ मा देखाइए बमोजिम टिप्ने। यस अघि गर्ने गरिएको कोडिङ्गमा यिनै कार्यक्रमलाई कार्यक्रम तह (program level) मा कोडिङ्ग गरिन्थ्यो। हाल विकास गरिएको नयाँ तरिकामा क्रियाकलाप तह (activity level) मा गरिने भएकोले चौथो चरणमा ब्याख्या गरिए बमोजिम क्रियाकलापको पहिचान गर्ने। कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत आ.ब. २०७५।७६ का लागि स्विकृत

कार्यक्रमहरु मध्ये कुन कुन कार्यक्रम हाल विकास गरिएका प्रारुपहरुभित्र पर्दछन् तिनका उदाहरण अनुसुची ४ मा दिइएको छ ।

**चौथो चरण**

प्रत्येक प्रारुप अन्तर्गतका कार्यक्रम पहिचान भइसकेपछि ति कार्यक्रम अन्तर्गतका जलवायु सँग सम्बन्धित क्रियाकलापहरुको पहिचान गरी उल्लेख गर्ने। यसरी हरेक कार्यक्रम अन्तर्गतका जलवायु सँग सम्बन्धित क्रियाकलापहरुको पहिचान गर्नाले यस अघि कार्यक्रम तहमा गर्ने गरिएको कोडिङ्गमा हुने गरेको जलवायु बजेटको अस्पष्टतालाई कम गरी थप स्पष्ट गर्न र accurate बनाउन मद्दत पुग्छ। हाल विकास गरिएको कोडिङ्गले दिने फाइदाहरु मध्यको एउटा फाइदा यो हो। आ.ब. २०७५।७६ का लागि स्विकृत कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका कार्यक्रमहरु मध्ये जलवायु सँग सम्बन्धित क्रियाकलापहरुको उदाहरण अनुसुची ४ मा दिइएको छ ।

**पाँचौ चरण**

यो अर्को महत्वपूर्ण चरण हो। यस चरणमा यस अघि छनौट भएका जलवायु सँग सम्बन्धित क्रियाकलापहरुको जलवायु सँगको सान्दर्भिकताको स्तर अर्थात ती क्रियाकलापहरु अति–सान्दर्भिक वा सान्दर्भिक के हुन पहिचान गरिन्छ र छुटयाइन्छ । यसका लागि एक विधि निर्माण गरिएको छ जुन यसप्रकार छ। स्पष्ट हुनु पर्ने के हो भने यस विधिमा "तटस्थ" भनेर छुटयाउन पर्दैन किनकी प्रत्येक कार्यक्रमलाई प्रारुप (Typology) अन्तर्गत राख्ने बेलामा नै जलवायुसंग सम्बन्धित कार्यक्रम मात्रै समेटिएकाले प्रारुप भित्र नपरेको सबै कार्यक्रम र बजेट शिर्षक "तटस्थ" हुने छन् । यहाँ दोहोर्याउनु पर्दैन ।

**सान्दर्भिकता छुटयाउने विधि**

छानिएका क्रियाकलापलाई निम्न तालिकामा दिइए बमोजम ३ विषयका आधारमा मुल्याङ्कन गरी जलवायु परिवर्तन सँगको प्रासंगिकताको स्तर निर्धारणका गरिन्छ ।

| १. जलवायु परिवर्तनको जोखिम बारे सुचनाको उपलव्धता | | | |
|---|---|---|---|
| | सम्बन्धित क्रियाकलाप कार्यान्वयन गरिने स्थानमा भएको वा हुन सक्ने जलवायु परिवर्तनको जोखिमबारे सुचना उपलव्ध छ कि छैन ? | छ | छैन |

| | | | |
|---|---|---|---|
| २. सम्बन्धित क्रियाकलापले हासिल गर्न खोजेको जलवायु परिवर्तनको उद्देश्य र लक्षित समुह (लैङ्गिक पहिचान समेत) को एकिन भएको स्पष्टता | | | |
| | सम्बन्धित कार्यले हासिलगर्न खोजेको जलवायु परिवर्तनको उद्देश्य स्पष्ट र लक्षित समुह (लैङ्गिक पहिचान समेत) पहिचान भएको छ कि छैन ? | छ | छैन |
| ३. राष्ट्रिय प्रतिबद्धता तथा जलवायु परिवर्तन नीतिसंगको तादाम्यता | | | |
| | NDC, SDG वा जलवायु परिवर्तन राष्ट्रिय नीतिले हासिल गर्न खोजेको उद्देश्य प्रासिलाई सघाउने विषयमा सम्बन्धित क्रियाकलापमा स्पष्टता छ कि छैन ? | छ | छैन |

कुनै क्रियाकलापको लागि माथिका ३ आधार मध्ये यदि २ वा २ भन्दा बढि आधारको उत्तर "छ" भन्ने भएमा उक्त क्रियाकलापलाई "अति–सान्दर्भिक" (Highly Relevant) र यदि २ आधारको उत्तर "छैन" भन्ने आएमा उक्त कार्यलाई "सान्दर्भिक" (Relevant) भनी कोडिङ्ग गरिने छ ।

पुनश्चः यस अघि भनिए जस्तै जलवायु परिवर्तनको दृष्टिले "तटस्थ" क्रियाकलापहरु प्रारुपमा कार्यक्रम छनौट गर्ने "तेस्रो चरण" मा नै छाँटिइसकेको हुनाले "पाँचौ चरण" मा "अति सान्दर्भिक" वा "सान्दर्भिक" मात्र छुट्टयाए पुग्छ ।

## ६. जलवायु परिवर्तन क्षेत्रमा भएको खर्च र सोको उपलब्धिको लेखा जोखा

जलवायु परिवर्तन सम्वन्धी कार्यमा भएको खर्चको लेखाजोखा गर्न अनुसूचि ५ मा उल्लेख भएका फारमहरू प्रयोग गर्नु पर्दछ। यसरी खर्चको लेखा जोखा गर्दा वित्तिय र भौतिक प्रगति समेत देखिने गरी अनुसूचिमा उल्लेख भए अनुसार एकिकृत रूपको विवरण समेत तयार पार्नु पर्दछ । मन्त्रालय स्तरबाट मातहतका विभाग र कार्यालयका साथै प्रदेश र स्थानीय तहका कृषि तथा पशुपंक्षी सम्बन्धी कार्यको अनुगमन गर्दा उल्लेखित सूचनाहरूको महत्वपूर्ण भुमिका रहने हुन्छ । यसका साथै अर्थ मन्त्रालयबाट प्रत्येक वर्ष तयार पारिने आर्थिक सर्भेक्षणका लागि समेत यस्ता सूचनाहरूलाई प्रयोगमा ल्याउन सकिन्छ ।

अनुसूची १

## जलवायु परिवर्तन संवन्धित शव्दावली

(क) अनुकुलन (Adaptation) : नयाँ अथवा परिवर्तित वातावरणमा प्राकृतिक तथा मानवीय प्रणालीको समायोजन नै अनुकुलन हो। यस अनुसार प्राकृतिक तथा मानवीय प्रणालीमा जलवायु परिवर्तनका कारणाबाट हुने वा हुन सक्ने अपेक्षित असरलाई समायोजन गरी क्षति न्यूनीकरण गर्न सम्भाव्य अवसरको उच्चतम प्रयोग गरिन्छ ।

(ख) न्यूनिकरण (Mitigation) : हरित गृह ग्यास उत्सर्जनलाइ कटौती वा कम गर्न अपनाइने कृयाकलापलाई न्यूनिकरण भनिन्छ ।

(ग) प्रकोप (Disaster) : कुनै समुदायमा पर्ने गम्भीर व्यवधा नै प्रकोप हो । प्रकोपले मानव समुदाय र भौतिक वस्तुहरूमा आर्थिक एवं वातावरणीय क्षति तथा प्रभाव पार्दछ जुन कुरा समुदाय वा समाजको आफ्नो श्रोत प्रयोग गरी पुनः स्थापित हुने क्षमता भन्दा वढि हुन्छ ।

(घ) संकटासन्नता (Vulnerability) : कुनैपनि प्रणाली जलवायु परिवर्तनको असरबाट संकटमा पर्न सक्ने र प्रवाह वहन गर्न नसक्ने अवस्थामा पुग्ने स्थितिलाई संकटासन्नता भनिन्छ ।

(ङ) समयानुकुलन (Resilience) : जलवायु परिवर्तनले पारेका असरलाई कम गरी वातावरण र पारिस्थितिक प्रणालीलाई पुरानो प्राकृतिक अवस्थामा लैजान गरिने कार्यलाई समयानुकुलन भनिन्छ ।

(च) जलवायुमैत्री विकास (Climate friendly development) : जलवायु परिवर्तन कम गर्न र विकास निर्माण कार्य गर्दा हरित गृह ग्यास उत्सर्जन न्युन गर्दै गरिने विकास कार्यलाइ जलवायु मैत्री विकास भनिन्छ ।

# अनुसूची २

## साविकको ११ क्राईटेरिया

हाल प्रयोगमा रहेको कोडिङ्ग गर्ने तरिका बमोजिम प्रत्येक कार्यक्रमलाई कार्यक्रम तहमा जलवायु परिवर्तनका दृष्टिले अत्यन्त सान्दर्भिक, वा सान्दर्भिक वा तटष्थ के हो छुट्टयाउन प्रयोग गरिएका ११ क्राइटेरिया ।

१. प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा हरियाली अभिबृद्धि गर्ने कार्यक्रम ।

२. भू-उपयोग योजना तथा जलवायू परिवर्तनको असरलाई थेग्न सक्ने (Resilient) भौतिक पूर्वाधारको बिकास कार्यक्रम ।

३. जलवायु परिवर्तनको कारणवाट मानव स्वास्थ्यमा देखा पर्ने नकारात्मक प्रभावलाई रोकथाम तथा नियन्त्रण गर्ने कार्यक्रम ।

४. जलवायू परिवर्तनको कारणवाट खतरामा परेका जिव (Endangered Species) र जैविक विविधता संरक्षण जस्ता कार्यक्रम ।

५. हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने गरी गरिएको फोहरमैला ब्यबस्थापन गर्ने कार्यक्रम ।

६. उर्जा, सिंचाई र स्वच्छ खाने पानीका लागि जलस्रोतको दिगो उपयोग गर्ने कार्यक्रम ।

७. खाद्य स्वच्छता (Safety) तथा सुरक्षा (Security) संग सम्बन्धित कार्यक्रम ।

८. जलवायु परिवर्तनका कारण उत्पन्न विपद जोखिमलाई न्यून गर्ने कार्यक्रम ।

९. हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने तथा न्यून–कार्वन उत्सर्जन गर्ने उर्जाको प्रयोग गर्नका लागि पुर्ननविकरणीय एवं वैकल्पिक उर्जाको उत्पादन, प्रयोग तथा यस सम्बन्धी प्रविधिको विकास गर्ने कार्यक्रम ।

१०. जलवायु परिवर्तनसंग सम्बन्धित सूचना, शिक्षा, सञ्चार, अनुसन्धान तथा विकास एवं तत्थ्याङ्क सङ्कलन गर्ने कार्यक्रम ।

११. जलवायु परिवर्तन संवन्धमा आवश्यक नीति, कानून एवं कार्य योजना तयार गर्ने कार्यक्रम ।

अनुसूची २

# कृषि क्षेत्र अन्तर्गत संचालित हुने कार्यक्रमहरूको प्रारूप (Typology) र कार्य (Task)

(क) भूमीको दीगो व्यवस्थापन

- rehabilitation of degraded pasturelands
- agro-forestry
- land-use planning/crop shift in cultivation toward more suitable alternatives
- conversion of unsuitable cropland to arboriculture
- afforestation, cultivation of windbreaks and other measures to prevent erosion and landslides
- use of bio char, agro-residues, and other methods for soil quality improvement

(ख) जलश्रोतको दीगो व्यवस्थापन

- flood control and prevention
- expanded and improved irrigation infrastructure (i.e. construction of new ponds and water retention facilities and recharging basins)
- rehabilitation and maintenance of existing irrigation and water storage facilities
- watershed restoration/management and participatory irrigation management
- water resource optimization including development of water user farming groups and adopting integrated water resource management, catchment management, and non-conventional schemes
- improved inputs and effluent management in aquaculture ponds

(ग) खाद्य सुरक्षा र कृषि जैविक विविधता

- preservation of crop genetic diversity, including seed development initiatives
- seed banks and seed quality control/certification
- pest control and disease outbreaks
- promotion of biological agents and pesticides
- dissemination of drought and flood resistant seeds
- training on organic farming and promotion of bio-organic fertilizers and inputs
- improved access of climate vulnerable groups to inputs and credit

(घ) पशुपंक्षी विकास

- veterinary health and optimization of artificial insemination
- reduction in ruminants through improved cattle feedstock and breeding
- flood/storm protection infrastructure

(ङ) न्युन कार्वन उत्शार्जन हुने हरित गृहग्यास न्यून गर्ने खालका कृषिकार्य

- use of renewable energy (i.e. solar and wind) energy for water pumping and irrigation
- soil carbon storage research and development
- bio-fuel/fuel usage optimization in agricultural machinery
- on-farm bio digester and biogas generation
- promotion of alternative wet dry (AWD) rice cultivation, system of rice intensification (SRI), and integrated rice development
- integrated aquaculture and livestock production systems

(च) मौसमको असमान्य अवस्थामा विपद्को पुर्व तयारी

- forecasting and early warning systems including water inundation
- participatory education and awareness raising programmes for climate adaptation and disaster preparation

(छ) नीति, ज्ञान, प्रचार प्रसार, संचार, अनुसन्धान र विकास सहयोग

- extension services
- knowledge generation and communication
- policy formulation

अनुसूची

# कृषि क्षेत्र अन्तर्गत संचालित कार्यक्रमहरूलाई प्रारूप (Typology) र कार्य (Task) संग अवद्ध गर्ने तरिका

## (कार्यक्रम र कृयाकलापका केहि उदाहरण)

| कृषि क्षेत्र को प्रारूप र सो अन्तर्गत रहने मूख्य मूख्य कार्यक्रमहरू | जलवायुको उद्देश्य | | | जलवायु परिवर्तनसग संवन्धित कार्यक्रम २०७५।७६ | कार्यक्रम अन्तर्गतका मूख्य मूख्य कृयाकलापहरू |
|---|---|---|---|---|---|
| **१. भूमीको दीगो व्यवस्थापन**<br>- rehabilitation of degraded pasturelands<br>- agro-forestry<br>- land-use planning/crop shift in cultivation toward more suitable alternatives<br>- conversion of unsuitable cropland to arboriculture | अ | न्यू<br>न्यू | दु<br>दु | ५ स्थलरुप नापी तथा भुउपयोग व्यवस्थापन कार्यक्रम | • जिल्ला, प्रादेशिक, तथा प्रशासनिक सीमा नक्साहरु तयार गर्ने –भुमि ५ संग सम्बन्धित)<br>• संघीय ढाँचाको NSDI policy बनाउने –भुमि ५ संग सम्बन्धित<br>• Geoportal मा application थपेर metadata entry गर्ने (भुमि ५ संग सम्बन्धित) |
| **२. जलश्रोतको दीगो व्यवस्थापन**<br>- flood control and prevention<br>- expanded and improved irrigation infrastructure (i.e. construction of new ponds and water retention facilities and recharging basins)<br>- rehabilitation and maintenance of existing irrigation and water storage facilities<br>- watershed restoration/management and participatory irrigation management | अ<br>अ<br>अ<br>अ | | दु | १५ कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम<br>१७ एकिकृत जलस्रोत व्यवस्थापन आयोजना<br>२१ रानी जमरा कुलरिया सिँचाइ आयोजना -प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम)<br>५ उच्च पहाडी कृषि व्यवसाय प्रवर्द्धन तथा जिविकोपार्जन सुधार आयोजना -पशु | • १०५० स्यालो ट्युबवेल जडान (१५ संग सम्बन्धित)<br>• ६ वटा डिप ट्युबवेल जडान (१५ संग सम्बन्धित)<br>• आयोजनाको अन्तिम समिक्षा तयार गर्ने (१७ संग सम्बन्धित)<br>• दोस्रो चरणको आयोजना दस्तावेज तयार गर्ने (१७ संग सम्बन्धित)<br>• बीज बृद्धि कार्यक्रम -धान १५० हे., गँहु १५० हे., तोरी ३०, मुसुरो ३० (२१ संग सम्बन्धित)<br>• तरकारी ब्लक प्रदर्शन कार्यक्रम १९० हे. (२१ संग सम्बन्धित)<br>• फलफुल ब्लक प्रदर्शन कार्यक्रम १२७ हे. (२१ संग सम्बन्धित) |
| **३. खाद्य सुरक्षा र कृषि जैविक विविधता**<br>- preservation of crop genetic diversity, including seed development initiatives<br>- seed banks and seed quality control/certification<br>- pest control and disease outbreaks<br>- promotion of biological agents and pesticides<br>- dissemination of drought and flood resistant seeds<br>- training on organic farming and promotion of bio-organic fertilizers and inputs<br>- improved access of climate vulnerable | अ<br>अ<br>अ<br>अ<br>अ | | | २ विषेश कृषि उत्पादन कार्यक्रम<br>३ साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना<br>४ राष्ट्रिय फलफुल विकास कार्यक्रम<br>५ राष्ट्रिय आलु तरकारी तथा मसला विकास कार्यक्रम<br>६ विज प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम<br>९ प्लान्ट क्वारेन्टाइन तथा | • बीउ बिजनको दीर्घकालिन राष्ट्रिय सोच (२०१३-२०२५) अनुसार खाद्यान्न बालीको बिउ प्रतिस्थापन दर बढाउदै १३००० टन उन्नत बीउ लागत सहभागिताको आधारमा अनुदान उपलब्ध गराउने (२ संग सम्बन्धित)<br>• उच्च मुल्य कृषि बस्तुको उत्पालन र बजार पहुँच अभिबृद्धि गर्न क्षमता विकास गर्ने (३ संग सम्बन्धित)<br>• फलफुल रुटस्टक विरुवा उत्पादन (४ संग सम्बन्धित)<br>• तरकारी बाली स्रोत बिउ उत्पालन (४ संग सम्बन्धित) |

सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| groups to inputs and credit | अ<br>अ | | | विउ व्यवस्थापन कार्यक्रम<br>१० व्यवसायिक कीट विकास कार्यक्रम<br>११ बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम<br>२३ किसानका लागि उन्नत विउ विजन कार्यक्रम<br>२७ खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | • आलु बाली जर्मप्लाज्म संकलन सम्बर्धन गर्ने (५ संग सम्बन्धित)<br>• नियन्त्रित शत्रु जिवहरुको जोखमको आधारमा बर्गीकरण गर्ने -९ संग सम्बन्धित)<br>• १७०० थान मौरी घार गोला वितरण गर्ने (१० संग सम्बन्धित)<br>• स्थापना र बिउ उत्पादन कार्यक्रम (२७ संग सम्बन्धित) |
| **४. पशुपंक्षी विकास**<br>- veterinary health and optimization of artificial insemination<br>- reduction in ruminants through improved cattle feedstock and breeding<br>- flood/storm protection infrastructure | अ<br>अ | | दु | १ पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाईन कार्यक्रम<br>२ लाइभस्टक सेक्टर इननोभेसन आयोजना<br>३ पशुपंक्षि स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम<br>४ पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | • प्राकृतिक प्रकोप, आकस्मिक तथा महामारी रोग रोकथाम तथा नियन्त्रण गर्ने - पशुस्वास्थ्य) (पशु १ संग सम्बन्धित)<br>• रेबिज आउटब्रेक अन्वेषण तथा नियन्त्रण -पशु स्वास्थ्य) (पशु १ संग सम्बन्धित)<br>• भ्याक्सिन उत्पादन व्यवथापन कार्यक्रम -पशु स्वास्थ्य) (पशु १ संग सम्बन्धित)<br>• पशुपंक्षिसंग सम्बन्धित सोधकार्य गर्नको लागि विश्वविद्यालय मार्फत सहयोग गर्ने -पशु २ संग सम्बन्धित) |
| **५. न्युन कार्वन उत्सर्जन हुने हरित गृहग्यास न्यून गर्ने खालका कृषिकार्य**<br>- use of renewable energy (i.e. solar and wind) energy for water pumping and irrigation | | न्यू | | आ.ब. २०७५।७६ मा यस टाइपोलोजी अन्तर्गत कुनै कार्यक्रम छैन । | |
| **६. मौसमको असमान्य अवस्थामा विपद्को पुर्व तयारी**<br>- forecasting and early warning systems including water inundation<br>- participatory education and awareness raising programmes for climate adaptation and disaster preparation | अ<br>अ | | | २२ जलवायु प्रकोप समुत्थान निर्माण आयोजना –कृषि व्यवस्थापन तथा सुचना कार्यक्रम)<br>२४ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना<br>२९ नेपाल कृषि सेवा विकास कार्यक्रम | • हाम्रो मोबाइल एप्लिकेसन र वेब साइट विकास र क्षमता अभिबृद्धिलाई निरन्तरता दिने (२२ संग सम्बन्धित)<br>• पोष्ट हार्भेस्ट सेन्टर स्थापना तथा सबलीकरण (२४ संग सम्बन्धित)<br>• जलवायु परिवर्तन र बसाई सराईका कारण सिर्जित समस्या समाधानका लागि बजारको आवश्यकता अनुसार उपयुक्त प्रविधि उपलब्ध गराउने (२९ संग सम्बन्धित) |
| **७. नीति, ज्ञान, प्रचार प्रशार, संचार,अनुसन्धान र विकास सहयोग**<br>- extension services<br>- knowledge generation and communication<br>- policy formulation | | | दु<br>दु<br>दु | १ कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम<br>१२ कृषि सुचना प्रशिक्षण कार्यक्रम<br>१८ नेपाल कृषि अनुसन्धान कार्यक्रम<br>२५ कृषि ज्ञान केन्द्र<br>३० कृषि प्रसार कार्यक्रम | • प्रादेशिक संरचना अनुसार कृषि विकास रणनीतिको परिमार्जन सम्बन्धि अध्ययन गर्ने (१ संग सम्बन्धित)<br>• खाद्यान्न बालीको स्रोत बिउ (८५० मे.ट.), तरकारी बालीको स्रोत बिउ (४० मे.ट.), बेर्ना उत्पादन (४५००००), १८ संग सम्बन्धित)<br>• वातावरण मैत्री ३ वटा नयाँ प्रविधि विकास गर्ने<br>• कृषक समक्ष प्राविधिक सेवाको पहुँच बढाउने (२५ संग सम्बन्धित) |

नोट : अनुकुलन—अ, न्यूनीकरण—न्यू, दुबै—दु

सचिव

अनुसूची ५

## जलवायु परिवर्तन सम्वन्धि खर्चका प्रतिवेदन फारमहरू

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

### अनुसूचि ५ (क) वजेट उप शिर्षक तथा कार्यक्रमगत जलवायु सान्दर्भिक वजेट तथा खर्च

अर्थिक वर्ष.....

| वजेट उप शिर्षक तथा कार्यक्रम | जलवायु परिवर्तनको प्रारूप (Typology) | अत्यन्त सान्दर्भिक | | सान्दर्भिक | | तटस्त | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत वजेट | वास्तविक खर्च | स्वीकृत वजेट | वास्तविक खर्च | स्वीकृत वजेट | वास्तविक खर्च | स्विकृत बजेट | वास्तविक खर्च |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः १. यो फारम मन्त्रालयको आर्थिक प्रशासन शाखाले वार्षिक रूपमा तयार पार्नु पर्दछ ।

२. मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखाले वार्षिक रूपमा यसको विश्लेषण गर्नेछ ।

### अनुसूचि ५ (ख)

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

जलवायु सान्दर्भिक कार्यक्रमगत वजेट तथा खर्च

अर्थिक वर्ष.....

| वजेट उप शिर्षक तथा कार्यक्रम | जलवायु परिवर्तनको प्रारूप (Typology) | अनुकुलन | | न्यूनिकरण | | अनुकुलन र न्युनिकरण मिश्रित | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत वजेट | वास्तविक खर्च | स्वीकृत वजेट | वास्तविक खर्च | स्वीकृत वजेट | वास्तविक खर्च | जम्मा वजेट | जम्मा वास्तविक खर्च |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः १. यो फारम मन्त्रालयको आर्थिक प्रशासन शाखाले वार्षिक रूपमा तयार पार्नु पर्दछ ।

२. मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखाले वार्षिक रूपमा यसको विश्लेषण गर्नेछ ।

अनुसूचि ५ (ग)

कृषि तथा पशुपंक्षि विकास मन्त्रालय
जलवायु परिवर्तनसग सम्वन्धित कार्यक्रमगत वितीय तथा भारित प्रगती

आर्थिक वर्ष.....

| वजेट उपशिर्षक | कार्यक्रम | जम्मा वजेट | जम्मा खर्च | प्रगती प्रतिशत | | मूख्य मूख्य उपलव्धी | कार्यान्वयनका समस्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वितिय | भारित | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट: १. यो फारम मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखाले चौमासिक र वार्षिक रूपमा तयार पार्नु पर्दछ।
२. यो प्रतिवेदनका अधारमा अर्थ मन्त्रालय र राष्ट्रीय येजना आयोगले कृषि क्षेत्रको जलवायु परिवर्तन सम्वन्धी कार्यमा भएको खर्चबाट भएको प्रतिफल र उपलव्धीको आकलन गर्नेछ ।

अनुसूचि ५ (घ)

**कृषि तथा पशुपंक्षी विकास मन्त्रालय**
**प्रमूख कृयाकलापहरूको प्रगति विवरण**

आर्थिक वर्ष.....

| क्र. सं | वजेट उपशिर्षक | प्रमूख कृयाकलापहरू | इकाइ | यो वर्षको | | यो वर्ष सम्मको | | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष | प्रगती | लक्ष | प्रगती | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट: १. यो फारम मन्त्रालयको अनुगमन तथा मुल्याकन शाखाले वार्षिक रूपमा तयार पार्नु पर्दछ ।
२. मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखाले वार्षिक रूपमा यसको विश्लेषण गर्नेछ ।

सचिव

अनुसूचि ५ (ङ)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
## जलवायु परिवर्तन सम्वन्धी खर्चको विवरणात्मक प्रतिवेदन

आर्थिक वर्ष.....

१. जलवायु परिवर्तन सम्वन्धी खर्चको विवरणात्मक विश्लेषण

२. तत्थ्यगत विवरण:

| जलवायु परिवर्तनको सान्दर्भिकता | खर्च रु (०००) | | | कैफियत |
|---|---|---|---|---|
| | आ.व. | आ.व. | आव. | |
| अनुकूलन | | | | |
| न्यूनिकरण | | | | |
| अनुकूलन तथा न्यूनिकरण मिश्रित | | | | |
| जम्मा | | | | |
| **प्रतिवेदन अवधि सम्मको मूख्य मूख्य उपलन्धी** | | | | |
| **खर्च र उपलब्धि प्रवृतिको विश्लेषण** | | | | |
| **चुनौतिहरू** | | | | |

३. निष्कर्ष सहितको विश्लेषण:

नोट: १. यो प्रतिवेदन मन्त्रालयको अनुगमन तथा मुल्यांकन शाखाले वार्षिक रूपमा तयार पार्नु पर्दछ ।
२. यस प्रतिवेदनका अधारमा अर्थ मन्त्रालयमा आर्थिक सर्भेक्षणका लागि पठाइने विवरण तयार पार्नु पर्दछ ।

सचिव